का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ पुस २०७९,
बुधबार
28 December 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# दबावमा देउवा



> गठबन्धन भत्किँदा हाम्रा सबै कुरा बिग्रिन्छन्, कांग्रेसको बिल्लीबाठ हुन्छ भनेर भनेको हुँ । यो गठबन्धन टुट्नेबित्तिकै सबैभन्दा मार कांग्रेसलाई हुन्छ भनेको हो । तर सभापति देउवाजीले अरुकै कुरा सुन्दा सबै बिग्रियो ।

**रामचन्द्र पौडेल**
**वरिष्ठ नेता, कांग्रेस**



> हिजो पार्टीका साथीहरूले गठबन्धन गलत हो भन्दाभन्दै किन गरियो र आज किन जोगाउन सकिएन ? सत्तालिप्सा र भजनमण्डली कति जिम्मेवार छ ? देउवाले नैतिकताको आधारमा दुवै पदबाट राजीनामा दिनुपर्छ ।

**गुरूराज घिमिरे**
**नेता, कांग्रेस**

> नयाँ सत्ता समीकरण भएसँगै कांग्रेसले प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाका सभामुख र उपसभामुख लगायतका पद गुमाउने भएको छ । कांग्रेसलाई चौतर्फी घाटा गराएको भन्दै देउवामाथि दवाव बढेको हो ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ पुस ।

गत मंसिर ४ मा भएको निर्वाचन परिणाममा पहिलो पार्टी बनेपछि नेपाली कांग्रेसका नेताकार्यकर्ता निकै उत्साहित भएका थिए । अघिल्लो चुनावमा वामगठबन्धनका कारण लज्जास्पद पराजय भोगेको कांग्रेसलाई सिट बढी आउनुले मात्रै होइन, संघ र प्रदेशमा आफ्नो सरकार गठन हुने विषयले पनि उत्साह पैदा गराएको थियो । मूलत: देउवा निकट नेताहरु मन्त्री, मुख्यमन्त्री, सभामुख र राष्ट्रपति बन्न पाउने तयारीमा लागेका थिए । तर, सत्तागठबन्धनको साझेदार दल माओवादी केन्द्रले एमाले लगायतका दलसँगको समीकरणमा नयाँ सरकार गठन गरेपछि भने देउवा पार्टीभित्रैबाट घेराबन्दीमा परेका छन् ।

नयाँ सत्ता समीकरणसँगै कांग्रेसले प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाका सभामुख र उपसभामुखलगायतका पद पनि गुमाउँदैछ । मन्त्री, मुख्यमन्त्री र विभिन्न नियुक्तीको आशमा संसदीय दलमा जिताएका सांसदहरु नै उनको आलोचनामा देखिएका छन् । देउवासँग मुख्य प्रतिस्पर्धीको रुपमा रहि आएका रामचन्द्र पौडेलले समेत संसदीय दलमा देउवालाई समर्थन गरेका थिए ।

'गठबन्धन भत्किँदा हाम्रा सबै कुरा बिग्रिन्छन्, कांग्रेसको बिल्लीबाठ हुन्छ भनेर भनेको हुँ । यो गठबन्धन टुट्नेबित्तिकै सबैभन्दा मार कांग्रेसलाई हुन्छ भनेको हो । यत्रो दु:ख गरेर आएको बहुमतलाई असर पर्छ भनेकै हो, तर देउवाजीले अरुकै कुरा सुन्दा सबै बिग्रियो' वरिष्ठ नेता पौडेलले भने । उनले देउवाभित्र आशक्ति बढी हुँदा गठबन्धन टुटेको बताएका छन् ।

'हिजो पार्टीका साथीहरूले गठबन्धन गलत हो भन्दाभन्दै किन गरियो र आज किन जोगाउन सकिएन ? सत्तालिप्सा र भजनमण्डली कति जिम्मेवार छ ? देउवाले नैतिकताको आधारमा दुवै पदबाट तत्कालै राजीनामा दिनुपर्छ' कांग्रेसका नेता गुरुराज घिमिरेले भने । उनले उक्त विषयमा पार्टीभित्र गम्भीर समीक्षा हुनुपर्ने पनि बताएका छन् ।

पौडेल मात्रै होईन, देउवा निकट एक सांसदले त उनले संसदीय दलको नेताबाटै राजीनामा दिनुपर्ने बताएका छन् । 'उहाँले कांग्रेलाई सबै अवशरबाट वञ्चित गराउनुभयो, उहाँले पार्टी सभापति र संसदीय दलबाट विश्राम लिनु नै उचित होला,' उनले भने ।

– बाँकी पृष्ठ २ मा

## राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन कहिले ?



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १२ पुस ।

२५ पुसमा प्रतिनिधिसभाको बैठक बोलाइएको छ । बुधबार सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले २५ पुसको दिउँसो १ बजे बस्ने गरी प्रतिनिधिसभाको अधिवेशन आह्वान गरेकी हुन् । प्रतिनिधिसभाको अधिवेशन आह्वान भएसँगै सभामुखको विषयमा चासो बढेको छ । संविधानत: माघ १० गतेभित्रै संसदले सभामुख पाउनेछ ।

प्रतिनिधिसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने हुन्छ । यस सम्बन्धी व्यवस्था संविधानको धारा ९१ मा छ । जहाँ भनिएको छ, 'प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधि सभाका सदस्यहरूले आफूमध्येबाट प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्नेछन् ।' सभामुख निर्वाचित नहुन्जेल प्रतिनिधिसभाका जेष्ठ सदस्य पशुपति शमशेर जबराले प्रतिनिधिसभा बैठकको अध्यक्षता गर्नेछन् ।

> मुलुकले नयाँ प्रधानमन्त्री पाइसकेको छ । पुस २५ गते प्रतिनिधिसभाको अधिवेशन आह्वान भएकाले त्यसको १५ दिन भित्र संसदले सभामुख पाउँछ । यससँगै आम चासो राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनतर्फ सोझिएको हो ।

वर्तमान सात दलीय सत्ता गठबन्धनभित्र सभामुख पद नेकपा एमाले र माओवादी केन्द्रले आधा/आधा कार्यकाल लिने सहमति छ । सहमति अनुसार प्रधानमन्त्रीमा पनि आलोपालो गर्दा सुरुमा माओवादीले प्रधानमन्त्री लिएका कारण सुरुको सभामुख पद एमालेले लिनेछ । अर्थात, मुलुकले प्रधानमन्त्री पाइसकेको छ । पुस २५ गते प्रतिनिधिसभाको अधिवेशन आह्वान भएकाले त्यसको १५ दिन भित्र संसदले सभामुख पाउँछ । यससँगै आम चासो राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनतर्फ सोझिएको छ ।

यसतर्फ ख्याल गरिएको निर्वाचन आयोगा अधिकारीहरु बताउँछन् । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिम राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि निर्वाचन हुनेगरी निर्वाचनको मिति तोक्नुपर्ने भएकाले आन्तरिक छलफल सुरु भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्याल बताउँछन् । आयोगले निर्वाचनको मिति तोकी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था छ ।

वर्तमान राष्ट्रपतिको कार्यकाल आगामी फागुन २९ मा सकिने भएकाले आयोगले माघ २८ गतेभित्र निर्वाचन गराउने तयारी गरेको हो । नेपालको संविधानको धारा ६३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल निर्वाचित भएको मितिले पाँच वर्ष तोकिएको छ ।

संविधानको धारा ७० बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायबाट

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसियामा मझौला र साना कम्पनीलाई न्यूनतम तलबमा लचकता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ पुस

मलेसिया सरकारले पाँच जनाभन्दा कम कामदार कार्यरत मझौला तथा साना रोजगारदाताले आगामी जुलाईदेखि न्यूनतम तलब लागू गर्न पाउने छुट दिएको छ । मलेसियाले गत मे महिनादेखि नै मासिक तलब न्यूनतम १५ सय मलेसियन रिंगेट लागू गरेको हो ।

त्यसअघि कामदारको न्यूनतम मासिक तलब १२ सय रिंगेट थियो । कोरोना महामारी लगायतका कारण व्यापार व्यवसाय नचलेकाले घरबहाल तथा अन्य आर्थिक बोझ बढेको भन्दै साना रोजगारदाताहरुको आग्रहपछि मलेसिया सरकारले आगामी जनवरी १ देखि न्यूनतम १५ रिंगेट तलब लागू गर्न छुट दिएको थियो । तर साना रोजगारदाताहरुले आर्थिक संकटको समाधान नभएको भन्दै समय माग गरेपछि ६ महिना समय थप गरिएको त्यहाँका स्थानीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

केही नेपाली कामदारहरुले पनि न्यूनतम तलब १५ सय रिंगेट नपाएको गुनासो गरिरहेका छन् । पाँच जनाभन्दा बढी कामदार भएका कम्पनीहरुले गत मे १ तारिकदेखि नै न्यूनतम तलबको नियम अनिवार्यरुपमा कार्यान्वयन गरिसकेका छन् ।

### तालिम संस्थाहरुलाई नथ्थी लगाउने विभागको तयारी

काठमाडौं/रासस- वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्यरुपमा अभिमुखीकरण तालिम लिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागले आग्रह गरेको छ । वैदेशिक रोजगारीमा जानेका लागि अभिमुखीकरण तालिम मापदण्डअनुसार सञ्चालन नभएको विभागले जनाएको छ ।

अभिमुखीकरण तालिम मापदण्डअनुसार सञ्चालन नभएको भन्दै विभागले देशका विभिन्न ठाउँमा रहेका तालिम प्रदायक संस्थामा अनुगमन गरेको थियो । काठमाडौं उपत्यकासहित देशका विभिन्न जिल्लामा अनुगमन गर्दा मापदण्डअनुसार अभिमुखीकरण तालिम सञ्चालन नभएको पाइएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्यरुपमा अभिमुखीकरण तालिम लिनुपर्ने सरकारी नियम छ । जसअनुसार तालिम प्रदान गर्न वैदेशिक रोजगार विभागसँग अनुमति लिएर संस्थाले अभिमुखीकरण तालिम प्रदान गरिरहेका छन् ।

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ अनुसार तालिम सञ्चालन हुनुपर्ने भए पनि यसअनुसार नभएको पाइएको विभागको विज्ञप्तिमा उल्लेख गरिएको छ । यस्तै

– बाँकी पृष्ठ २ मा

## शपथ लगत्तै गुरुङ निलम्बित

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ पुस ।

संघीय संसद् सचिवालयले मनाङबाट निर्वाचित सांसद टेकबहादुर गुरुङलाई निलम्बन गरेको छ । सचिवालयले मंगलबार एक सूचना जारी गर्दै गुरुङको सांसद पद निलम्बनमा परेको जनाएको हो । गुरुङलाई निलम्बन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पत्र आएको र सोही आधारमा यस्तो निर्णय लिइएको संसद् सचिवालयले जनाएको छ ।

'प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङ उपरको मुद्दा विशेष अदालतमा विचाराधीन रहेको अवस्थामा उक्त मुद्दा अन्तिम किनारा नभएसम्म स्वत: निलम्बनमा रहने कानूनी व्यवस्था कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा लेखी पठाउने' व्यहोराको अख्तियारको पत्र पुस ८ गते संसद् सचिवालयमा आइपुगेको थियो ।



मनाङबाट निर्वाचित सांसद गुरुङले गत ७ गते शपथग्रहण गरे । तर, प्रतिनिधिसभाको बैठक बस्न नपाउँदै निलम्बनमा परे । गत चुनावबाट आएका २७५ सांसदमध्ये निलम्बनमा पर्ने गुरुङ पहिलो माननीय हुन् ।

गुरुङविरुद्ध अख्तियारले २०७५ माघ २१ गते भ्रष्टाचार मुद्दा दायर गरेकोमा अहिले त्यो विशेष अदालतमा विचाराधीन छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ मा भएको व्यवस्थाबमोजिम भ्रष्टाचार कसुरको आरोप लागेको व्यक्ति सार्वजनिक पद धारण गर्न नमिल्ने भन्दै गुरुङलाई निलम्बन गरिएको हो ।

मुद्दा विशेष अदालतमा विचाराधीन रहेकै कारण जनादेश पाएर पनि गुरुङले संसदीय गतिविधिमा भाग लिन नपाउने भएका हुन् । अदालतमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेकाले सांसदको हैसियतमा काम गर्न नपाउने भएका गुरुङले सांसद भएबापत्त प्राप्त गर्ने सेवा सुविधा समेत पाउने छैनन् ।

गुरुङविरुद्ध भृकुटीमण्डपस्थित समाज कल्याण परिषदको ६० रोपनी जग्गा भाडामा दिँदा ३१ करोड रुपैयाँ भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । सुशील कोइराला नेतृत्वको सरकारमा गुरुङ श्रम राज्यमन्त्री हुँदा गरेको निर्णयका आधार

– बाँकी पृष्ठ २ मा



# एक करोड पुरस्कार राशीको दुई 'रियालिटी शो' आउँदै



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ पुस

इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा नेपालमा पहिलो अन्तर्राष्ट्रिय रियालिटी शो 'मेरो भ्वाइस यूनिभर्स' र 'मेरो डान्स यूनिभर्स' को आयोजना हुने भएको छ । काठमाडौंमा आयोजित घोषणा समारोहमा फाउण्डेसनले प्रतियोगिताका लागि इन्ट्रा नेशनल एपमार्फत आवेदन दिन सकिने जनाएको छ । १६ वर्ष माथिका व्यक्तिले प्रतियोगिताको लागि आवेदन दिन सकिने फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीले जानकारी दिए । उनले भने 'हामी हाम्रो संस्कृति जोगाउन एकजुट भएर लाग्नुपर्छ, हाम्रो पहिचान नै हाम्रो भाषा, संस्कृति र दुखमा परेकाहरूलाई मद्दत गर्नुमा छ, फाउण्डेसनको मुख्य उद्देश्य पनि नेपाली मनोरञ्जन क्षेत्रमा सांगीतिक क्रान्ति ल्याउनु हो ।' यी दुई शोहरु नेपालकै सर्वाधिक धेरै धनराशी भएको शो हुने अध्यक्ष अधिकरीले बताए ।

फाउण्डेसनका अनुसार 'मेरो भ्वाइस यूनिभर्स'का विजेताले रु. एक करोड पाउनेछन् । यस्तै फस्ट रनरअपले रु.३० लाख र सेकेन्ड रनरअपले रु.२० लाख पुरस्कार पाउनेछन् । यस्तै 'मेरो डान्स यूनिभर्स' को विजेताले पनि रु. एक करोड पुरस्कार पाउनेछन् भने फस्ट रनरअपले रु.३० लाख र सेकेन्ड रनरअपले रु. २० लाख पुरस्कार पाउनेछन् ।

'मेरो भ्वाइस यूनिभर्स' को निर्णायक मण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा, पुष्पन प्रधान रहने छन् । यस्तै 'मेरो डान्स यूनिभर्स' को निर्णायक मण्डलमा मिथिला शर्मा, दिलीप रायमाझी, शंकर बिसी, केकी अधिकारी, प्रियंका कार्की र नरमन राई रहनेछन् । यी दुई शोका निर्देशन एलिन श्रेष्ठले गर्नेछन् । शो मा सहभागी हुन चाहने नेपाली भाषीहरुले अनलाइन आवेदन दिन सक्ने फाउण्डेसनले जनाएको छ । प्राथमिक छनौट प्रक्रियापछि फाउण्डेसनले विश्वका विभिन्न स्थानमा अडिसन सञ्चालन गर्नेछ । यी दुवै शोहरुको आवेदन दिने मिति जनवरी अन्तिमसम्म तोकिएको छ । नेपालसँगै म्यानमार, थाइल्याण्ड, भुटान, भारत, अष्ट्रेलिया, अमेरिका, क्यानडालगायत युरेपेली देशहरुबाट पनि नेपाली भाषीहरुको सहभागिताको अपेक्षा राखिएको फाउण्डेसनका अध्यक्ष अधिकारीले बताए ।

# दक्षिण कोरियाबाट ल्याइएको गाई किसानलाई वितरण



**काठमाडौं/मस–** हेफर इन्टरनेशनल नेपालको पहलमा दक्षिण कोरियाबाट ल्याइएका गाई नेपाली किसानलाई वितरण गरिएको छ । हेफर इन्टरनेशनल नेपालको पहलमा नेपाल सरकारको स्वीकृतिमा हेफर कोरियाबाट शतप्रतिशत शुद्ध नस्लका गाई नेपालमा ल्याएर मंगलबार किसानलाई वितरण गरिएको हो । दक्षिण कोरियाबाट दुई पटक गरेर होलिस्टिन फ्रिजनका ६ वटा बाच्छा र ५७ वटा कोरली गाई गरी ६३ वटा कोरली गाई र बहर नेपाल ल्याएर वितरण गरिएको हेफर इन्टरनेशनल नेपालका भेटरिनरी डा.भोला श्रेष्ठले बताए ।

उनका अनुसार अझै होलिस्टिन फ्रिजनका २२ वटा कोरली गाई आउन बाँकी रहेको छ ।

हेफर कोरियाबाट प्राप्त गाई पुस ७ गते नै कोरिया सरकारको तर्फबाट नेपाल सरकारलाई हस्तान्तरण गरी नेपाल सरकारले सिन्धुलीका किसानलाई वितरण गरेको हो । उत्पादनको हिसाबले कोरियाका टप (परीक्षण भएका) दुई वटा बहर पनि केही दिनपछि आउने हेफरले जनाएको छ । डा.श्रेष्ठले नेपाली स्थानीय गाईलाई विस्थापित गर्ने नभई नस्ल सुधार गरी संरक्षण गर्ने उद्देश्यले गाई ल्याइएको बताए । दक्षिण कोरियाबाट ल्याएका शतप्रतिशत शुद्ध नस्लका गाई नस्ल सुधारका लागि ल्याएको उनको भनाइ थियो । उनले नेपालको स्थानीय गाईको संरक्षण गर्ने काम नेपाल कृषि अनुसन्धान परिषद् पशु सेवा विभागले गरिरहेको बताए ।

नेपालमा रहेका ७३ लाख गाईमध्ये करिब २० प्रतिशत मात्रै गाई उन्नत जातका रहेको डा श्रेष्ठले बताए । उनले नेपालमा दूध उत्पादन बढाउन आवश्यक रहेको भन्दै शुद्ध नस्ल भएका उत्पादन क्षमता बढी भएका गाई ल्याइएको बताए ।

# खाँडाचक्रका नासुविरूद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस–** कालीकोटको खाँडाचक्र नगरपालिकाका नायब सुब्बा दीपकराज देवकोटाविरूद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालले मंगलबार विशेष अदालत काठमाडौंमा उनीविरूद्ध आरोपपत्र दायर गरेको हो । आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार उनीमाथि एक लाख ९७ हजार ८९५ रुपैयाँ हिनामिना गरेको आरोप छ । खाँडाचक्र नगरपालिका पोल्ट्री बंगुर फार्मलाई ४२० वटा कुखुरा उपलब्ध गराउने सम्झौता भएको थियो । तर देवकोटाले उक्त फार्मको नाममा भुक्तानी लिएर चेक लुकाएका थिए ।

त्यसबापत उनले घुस मागेको भन्ने सूचना अख्तियारले पाएको थियो । उक्त सूचनापछि अख्तियारले अनुसन्धान अघि बढाएको थियो । खाँडाचक्र नगरपालिकाले वडा नम्बर ३ र ४ मा लघु उद्यम विकास अन्तर्गत कुखुरा पालन सीप विकास तालिम कार्यक्रम आयोजना गरेको थियो । देवकोटाले कुखुराको साकोनी जातको चल्ला सम्झौताकर्ताबाट खरिद गरी तालिम कार्यक्रम आफैंले सञ्चालन गर्ने भनी सम्झौता गरेका थिए । तर आफैंले गरेको सम्झौताविपरित समयावधि तालिम सञ्चालन नगरिएको पाइएको प्रवक्ता भण्डारीले बताए । उनले एक दिन तालिम सञ्चालन गरी १५ दिन सञ्चालन गरेको देखाएर कार्यक्रम पूर्ण रूपमा सञ्चालन भएको भनेका थिए ।

कार्यक्रमका झूटो बिल भरपाई तथा कागजात तयार गरी कार्यालयबाट एक लाख ९७ हजार ८९५ रुपैयाँ भुक्तानी लिई हिनामिना गरेको अख्तियारको अनुसन्धानबाट खुलेको छ । उनीविरूद्ध उक्त रकम बिगो कायम गरी कैद र जरिबाना समेत माग गरिएको छ । त्यस्तै फार्मलाई चल्ला किनेबापत एक लाख ८० हजार १८० रुपैयाँ सम्झौताअनुसार भुक्तानी दिनुपर्ने थियो । त्यसबाट पनि उनले ३० हजार १८० रुपैयाँ घुस लिएको देखिएको अख्तियारले जनाएको छ । उक्त रकम बिगो बमोजिम जरिवाना जफत गरी अदालतमा आरोपपत्र दायर भएको हो ।

### दबावमा...

साथै उनले आफूहरुले गठबन्धनमा लचिलो बनौं भन्दा देउवाले नमानेका आरोप पनि लगाएका छन् ।

प्रचण्डले नयाँ सत्ता समीकरण गरेसँगै कांग्रेसले प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाका सभामुख र उपसभामुख लगायतका पद पनि गुमाउने भएको छ । कांग्रेसलाई चौतर्फी घाटा गराएको भन्दै देउवा पक्षधरले समेत उनको साथ छोड्ने सम्भावना बढ्दा देउवामाथि चौतर्फी दवाव बढेको छ ।

### राष्ट्रपति...

प्रतिनिधित्व हुनुपर्ने भएकाले दुवै पदको एकै पटक नभइ फरक/फरक मितिमा निर्वाचन हुनेछ । यस निर्वाचनमा संघीय संसद् (३३४) र प्रदेशसभाका सदस्य (५५०) मतदाता हुनेछन् । मुलुकको विद्यमान जनसंख्या अनुसार यी पदको निर्वाचनका लागि संघीय संसद्का प्रतिसदस्यको मतभार ८७ र प्रदेशसभाका प्रतिसदस्यको मतभार ५३ हुनेछ ।

### शपथ...

मा उनीविरुद्ध भ्रष्ट्राचार मुद्दा दायर भएको हो । सो मुद्दामा विशेष अदालतले उनलाई ५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको थियो ।

भ्रष्ट्राचार मुद्दा विचाराधीन रहेकाले उनी स्वतः निलम्बनमा परेका हुन् । निर्वाचनसम्बन्धी ऐनले भ्रष्ट्राचार मुद्दामा दोषी नठहरिएका व्यक्तिलाई उम्मेदवार बन्न अयोग्य ठहर नगरेका कारण यस्ता व्यक्तिले चुनाव लड्न पाउँछन् । तर मुद्दा किनारा नलागेसम्म सांसद भएर काम गर्न भने पाउँदैनन् । तथापि, गत ७ गते शपथग्रहण गरे । तर, प्रतिनिधिसभाको बैठक बस्न नपाउँदै निलम्बनमा परे । गत चुनावबाट आएका २७५ सांसदमध्ये निलम्बनमा पर्ने गुरुङ पहिलो माननीय हुन् ।

### तालिम...

विभागले १५ दिनभित्र कार्यविधिले तोकेको मापदण्ड पूरा गरी विभागलाई जानकारी गराउन सबै अभिमुखीकरण तालिम प्रदायकहरुलाई आह्वान गरेको छ । यसका साथै अभिमुखीकरण तालिम प्रदायक संस्थाको अनुगमन अबको केही समयभित्रै अनलाइनमार्फत् शुरु गरिने पनि विभागले जनाएको छ ।

## सच्याईएको

**२०७९ पौष ८ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा लिम्चुङबुङ गाउँपालिका उदयपुरको सूचनामा तपशिल बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।**

**Price and Service within 7 days of publication of this notice within office hours.**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/०२ मा दर्ता कायम भएको **थ्रि सिक्स्टी वान एड्भरटाइजिङ प्रा.लि. (दर्ता.नं.२१३१४७/०७५/०७६)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०९/१२ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०८/०६ मा दर्ता कायम भएको **डि फोकस प्रा.लि. (दर्ता.नं.८८०३२/०६८/०६९)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०९/१२ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## नमोबुद्ध नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७९/०९/१३**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको सामाग्रीको सप्लाई तथा डेलिभरी कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/NCB/GOODS/079/080-01 | Supply and Delivery of Stationary Goods | रु.७०,००० | रु.३,००० |

## बागलुङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बागलुङ
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९।०९/१३ )

यस कार्यालयबाट मिति २०७९/०६/१४ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा र www.ppmo.gov.np मार्फत यस बागलुङ नगर पालिका अन्तर्गत रहेको निम्न अनुसारका निर्माण सेवा खरिद गर्नको लागि आव्हान गरिएको विधुतीय बोलपत्र सम्बन्धी सुचना अनुसार निम्न आयोजनाको लागि बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनत्तम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि सिफारिश भई आएकोमा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल_

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | बोल कवोल अंक (मु.अ. कर र PS रकम बाहेक) रु. |
|---|---|---|---|---|
| १. | BAGMUN/BAG/NCB/W/06/079-080 | नारायणस्थान स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. १४, बा.न.पा. | M/S D & G – Prasad JV, Bharatpur, Chitwan | रु. १,५८,३३,१४२।८४ |

प्रमुख प्रशासकीय अधिकृत

## Geruwa Rural Municipality
### Office of the Rural Municipal Executive
Pashupatinagar, Bardiya
Lumbini Province, Nepal

### Invitation of Bids for the following works

**Date of Publication:- 2079/09/13**

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.


| SN | Contract ID no | Description of works | Estimated Amount (Nrs) | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | W/GRM/SQW/01/2079-080 | Sonahagaun ko Panphekuwa Kuloma Culvert Nirman | 12,02,880.76/- (Excluding VAT and Contingency but Including PS) | 35,000/- | 75 days after Bid opening Date | 1,000/- | Sealed Quotation |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM 2079-09-28 and bid shall be opened on the same date at 2:00 PM. Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/ contact:-9868252424, 9858038124 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account | Revenue Heading | Dharauti Account |
|---|---|---|---|
| Mega Bank Ltd, Geruwa Branch | 0990010039361 | 801810 | 0990010006668 |

3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations.

# कोरियामा सिकेको सीप नेपालमा



**कास्की/रासस–** पाँच वर्षको कोरिया बसाइलाई बिट मारेर आफ्नै देशमा फर्किएका कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं ६ का धनबहादुर पुनले आफ्नै व्यवसाय चलाएका छन् । ४६ वर्षीय उनले गाउँमै कोइला उद्योग चलाइरहेका छन् । लामो समयसम्म विदेशमा काम गरी कमाएको पैसा गाउँमा नै लगानी गरेका पुन मनग्य आम्दानी गर्न सफल छन् ।

कोरियामा सिकेको सीपलाई आधुनिक प्रविधि र साधन स्रोत प्रयोग गरी व्यावसायिक रुपमा उद्योग स्थापना गरिएको उनले बताए । 'कोरियामा पनि कोइला उद्योगमै काम गरेको हुँ, विगत चार वर्षदेखि उद्योग स्थापना गरी कोइला पोल्न थालेको छु,' पुनले भने । २०७५ मा शुरु गरिएको अन्नपूर्ण कोइला उद्योगबाट लगानी उठाउने बेला कोरोनाले बिथोलेर भनेजस्तो व्यापार हुन सकेको थिएन । 'जग्गा मेरै थियो त्यही दुईवटा भट्टी बनाएर काम शुरु गरें,' उनले भने, 'बिस्तारै राम्रो हुँदै थियो त्यही बेला कोरोनाले समस्या बनायो ।'

गत वैशाखदेखि भने पुनको व्यवसायले गति लिन थालेको छ । कोरोनाकालमा पनि हरेस नखाई काम गरेको परिणाम अहिले देखिन थालेको उनले बताए । 'कोरोना शुरु भएपछि व्यापार नै भएन । अब लगानी डुब्ने भयो भन्ने चिन्ता पनि लाग्यो,' पुनले भने, 'तर हिम्मत हारिन काम गर्दै गए सफल हुन्छु भन्ने थियो । गत वैशाखदेखि भने राम्रै भएको छ ।'

पछिल्लो समय उनले एक दिनमा दुई क्विन्टलसम्म कोइला उत्पादन गर्दै आएका छन् । पछिल्लो समय कोइला बेचेर मात्रै मासिक रु ६० हजारभन्दा बढी आम्दानी गर्दै आएको जानकारी दिँदै उनले अहिले तीन मजदुरलाई काम पनि दिएका छन् । 'कमाउन त एक लाखभन्दा बढी कमाइन्छ तर काम किन्नुपर्ने अनि मजदुरलाई तलब दिँदा महिनामा ६० हजारभन्दा बढि बचत हुन्छ,' पुनले भने ।

उनको मिहेनत, परिश्रम र विदेशमा सिकेको सीपको प्रयोगले गाउँले पनि खुसी छन् । विदेशबाट फर्केर गाउँमै उद्योग स्थापना गरी आम्दानी गर्नु गाउँका लागि गौरवको विषय भएको सिद्ध आधारभूत विद्यालयका शिक्षक सन्तोष सुवेदीले बताए । 'गाउँमा उद्योग चल्नु गौरवको कुरा हो । जसले गर्दा स्थानीयवासीलाई रोजगारीको अवसर उपलब्ध गराउँछ,' उनले भने, 'यस्तो कामले अरु युवालाई मातृभूमिमै बसेर काम गर्ने प्रेरणा प्रदान गर्छ ।'

गाउँलेको साथ सहयोग र आफ्नो मिहेनतले उद्योग राम्रो चलेको सञ्चालक पुनले बताए । दुईवटा भट्टीबाट उत्पादित कोइला पोखरा, काठमाडौंलगायत अन्य सहरमा निर्यात हुने गरेको उनले बताए । 'विभिन्न प्रयोजनका लागि कोइला प्रयोग हुने भएकाले उद्योगबाटै सबै बिक्री हुन्छ,' पुनले भने, 'बजारको कुनै समस्या छैन । पछिल्लो समय त माग धान्नै गाह्रो छ ।'

---

## चौकुने गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
गुट्टु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**विज्ञापन सच्चाईएको सम्बन्धमा**

**प्रकाशन मितिः २०७९/०९/१२**

चौकुने गाउँपालिकाको विज्ञापन नं. २०-०७९/०८० को अ.हे.ब सहायक चौथो २ जना करार सेवामा कर्मचारी माग रहेको विज्ञापनमा तपशिलका उल्लेख भए बमोजिम सच्चाई पदपुर्ति गरिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**नोट** :- अन्य विज्ञापन यथावत कायमै रहेको व्यहोरा जानकारी गराइन्छ ।

**तपशिल**

| विज्ञापन नं. | पद | तह/ श्रेणी | माग संख्या | आवश्यक योग्यता | दरखास्त दस्तुर | उमेरको हद |
|---|---|---|---|---|---|---|
| २०-०७९/०८० | अ.हे.ब | सहायक चौथो | १ | C.M.A. पास गरी सम्बन्धित का( उन्सिलमा दर्ता भएको | रु.७०० | १८ बर्ष पुगी ४५ ननाघेको |
| २१-०७९/०८० | अ.न.मी | सहायक चौथो | १ | अनमी कोर्स उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको | रु.७०० | पुरुषको हकमा १८ वर्ष पुगी ४० ननाघेको<br>महिलाको हकमा १८ वर्ष पुगी ४५ ननाघेको |

**आशा कुमारी बुढामगर**
**(निमित्त प्रमुख प्रशासकिय अधिकृत)**

---

## Qatar मा रोजगार
१. कम्पनीः CAMBRIDGE INTERNATIONAL SCHOOL
शहरः Doha

पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३८४१ LT. No.: 278362

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BABY SITTER | 0 | 5 | स. काममा दक्ष | 1200 | ४३,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः The Cambridge School
शहरः Doha
पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३८५२ LT. No.: 278363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BABY SITTER | 0 | 5 | स. काममा दक्ष | 1200 | ४३,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २० गते (4 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९११/०६७/०६८

**भिक्टोरी नेपाल प्रा. लि.**
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नंः ०१४५९०२९६

## साउदीमा रोजगार
JADDARAH RECRUITMENT COMPANY, DAMMAM
पुर्व स्विकृति मितिः २०७९।०८।१३ चलानी नं. ६०१९२३५१ LT No. 276885

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Laboure | 100 पुरुष | काममा दक्ष | 1000 | 35281 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्षा |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७९ पुष २० गते (4 January 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पदेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझनुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः ० श्रम इजाजत पत्र नं. ४५४/0६0/0६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

## मलेसियामा रोजगार
कम्पनी : AEGIS SECURITY FORCE (M) SDN. BHD
शहरः KLANG

पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३८१२ LT. No.: 278250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 12 | 0 | स. काममा दक्ष | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २० गते (4 Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AL HAYA H.R. SOLUTION PVT. LTD.
Gov. Lic No. 1092/073/074

**Al Haya H.R. Solution Pvt. Ltd.**
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 01-4620879
Mob.: 9813590560,. Email: alhaya.md@gmail.com, Web.: www.alhayahr.com

## कतारमा रोजगार
कम्पनी : ROYAL TANDOOR
शहरः DOHA

पूर्व स्वीकृत मिति : २०७९/०९/१२ चलानी नं.: ६०१९३८४५ L.T. No.: 278368

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६८,६०५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २० गते (4 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १५४७/०७८/०७९

**BLUE LINK PLACEMENT SOLUTION PVT.LTD**
एयरपोर्ट, काठमाडौं, नेपाल, फोनः ०१–५९१३२२५, ५९१३२२६
E-mail: admin@bluelinkplacement.com | www:bluelinkplacement.com

---

## Invitation to Bids

### Chamunda Bindrasaini Municipality, Jambukandh, Dailekh

**Invitation for Bids for the Procurement and supply of Medicine**

**Contract Identification No: 02/2079/80**

**Date of publication: 2079/09/13 (28 December,2022)**

1. Chamunda Bindrasaini Municipality Jambukandh Dailekh invites electronic bids from Nepalese eligible bidders for the Procurement and Supply of Medicine, equipment and material of under National Competitive Bidding procedures. The estimated amount for the works is Rs 14,75,000.00 with vat
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chamunda Bindrasaini Municipality Jambukandh dailekh. Office mailing address: ito.chamundabindrasainimun@gmail.com,Contract ph.: 9848242453, 9858038178 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the Cost 1000.00 of bidding document in the Project's rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal SBI \Bank Chamunda Branch.
   Name of Office: Chamunda Bindrasaini Municipality Jambukandh Dailekh
   Office Code no.: 801066702 Office Account no (Rajaswa acount) : ga (1.1) 41295241207004
   Dharauti Account no.: ga(3) 41225240600007
4. Pre-bid meeting :
5. Bids must be submitted by electronic through PPMO website www.bolpatra.gov.np/egp on or before Date: 2079/09/28 & time 12:00 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/09/28 2:00 AM at the office of Chamunda Bindrasaini Municipality office Dailekh. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 37,000.00. Which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

---

## Kohalpur Municipality
### Office of Municipal Executive
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

**Invitation For Bids**

**Date of Publication : 2079/09/13 (Dec-28-2022)**

**Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke** invites bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/ KOMUN/W/ NCB-16/ 2079/080 | Highway Connecting Road At Kohalpur Municipality Banke Ward No 2,3,10,11 | 90 days | 10,492,391.83 | 265,000.00 | 3000.00 | |
| 2 | BANKE/ KOMUN/W/ NCB-17/ 2079/080 | Ramnagar Paschim Birat khanepaniko gate hudai Nepalgunj Surkhet road Blacktop road (ramnagar Purba Section) | 90 days | 4,592,977.08 | 120,000.00 | 3000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2079/10/ 13 (Jan-27-2023) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2079/10/13 (Jan-27-2023) ; at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank, Kohalpur, Banke, AC. Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१३ पुस २०७९, बुधबार
28 December 2022, Wednesday

## सम्पादकीय

# खुला संसदको ख्याल गरियोस्

संघीय संसदको अधिवेशन पुस २५ गते दिउँसो १ बजेलाई आह्वान भएको छ । सरकारको सिफारिसमा राष्ट्रपतिले अधिवेशन आह्वान गरेसँगै संसद सचिवालय भौतिक तयारीमा जुटेको छ । सांसदहरू पनि प्रतिनिधिसभामा प्रस्तुत हुने तरिकाहरू आ–आफ्ना पार्टी र अग्रजसँग सिकिरहेका छन् । संसद सचिवालयमा बिभिन्न विषयमा तयार प्रतिवेदन अध्ययन गर्ने सांसदहरू बढेका छन् । संसदीय समितिका अभ्यास केलाउने पनि बढेका छन् । अर्थात्, अधिवेशनको तयारी सँगसँगै सांसदहरूले पनि आफ्नो तर्फबाट तयारी सुरु गरेका छन् । संघीय संसद सचिवालयको तथ्याङ्क अनसार, यसपटक विगतका संसदीय अभ्यासमा रहेकाहरू भन्दा बढ्ता नयाँ अनुहार प्रतिनिधिसभामा आएका छन् । नयाँ भएका कारणले पनि उनीहरूले विगतको अभ्यास सचिवलायसँग खोजेका छन् ।


विगतको खोजी गरिरहँदा नयाँ र पुराना सांसदहरूले विगतको गलत अभ्यासलाई भुल्नुपर्ने छ । हाजिर गरेर हिड्ने, विषय वस्तुको तयारी नगरी संसदमा प्रस्तुत हुने, संसदभित्र सामान्य नियम मिचेका कारण सभामुखले रोक्नुपर्ने जस्ता विगतका गलत कार्य त छँदैछ । स्वमं संसद सचिवालयले सांसदहरूको आचरणमाथि प्रश्न उठाएको विषय नयाँ सांसदहरूले बुझ्नुपर्ने छ । सांसदहरूको आचरणका कारण संसद संसदीय समितिका गतिविधि र संसदले सरकारलाई दिएका निर्देशनहरूको कार्यान्वयन नभएको, उल्टै संसद र समितिका अध्ययन र निष्कर्षहरू प्रभावकारी नभएको संसदका सचिवको नेतृत्वको समितिको अध्ययनको निष्कर्ष छ । संसदसँग अन्तराष्ट्रिय दातृ निकायले सिधा पहुँच राखेर, संसदीय समितिलाई प्रभावमा पारेर नीति निर्माणमा हस्तक्षेप गरेको भनी विगतमा भएको आलोचनालाई पनि नयाँ संसदले ख्याल गर्नुपर्ने हुन्छ ।

संसद र संसदीय समितिमा सहभागी नै नहुने प्रवृत्ति पनि बढ्दो छ । अझ शीर्ष नेताहरू संसदीय गतिविधिमा कम भाग लिन्छन् । त्यसको सिधा प्रभाव विधि निर्माणमा पर्ने गरेको छ । अघिल्लो प्रतिनिधिसभामा राज्य व्यवस्था तथा सुशासन समितिले आफ्नै समितिमा रहेका पार्टीका शीर्ष नेताहरूलाई नागरिकता विधेयकमा दुई वर्षसम्म कुरेका थिए । शीर्ष नेताहरूको संसदीय समितिमा गएर बहस नगर्ने प्रवृतिका कारण नागरिकता लगायतका संघीयता कार्यान्वयनसँग जोडिएका निजामती कर्मचारी सम्बन्धी विधेयक, नेपाल प्रहरी सम्बन्धी विधेयक, एकीकृत शिक्षा ऐन जस्ता विषयले कानुनको रूप नै पाउन सकेन । कानुन निर्माणको थलो संसद भन्दा बाहिर बनाउन खोज्ने प्रवृति पनि विगतमा देखिएका थिए । बनेका कानुनहरूको कार्यान्वयनमा पनि चासो नदेखाएको आरोप संसदलाई लाग्ने गरेको छ । बनेको कानुन अनुसार मौलिक हकको उपयोग जनताले गर्न पाएका छैनन् । सार्वजनिक सेवामा चुस्तता ल्याउन विधिमै सुधार गर्नुपर्ने भनी उठिरहेका प्रश्नहरूलाई पनि सम्बोधन गर्नुपर्ने छ । सांसदका यी सबै गतिविधि संसदमा खुला हुने विश्वास गरिन्छ । जसलाई जनताले नियाल्नेछन् र अर्को चुनावमा निर्णय लिनेछन् । यसकारण पनि जिम्मेवार अधिकारीहरूले खुला संसदको ख्याल गरून् ।

# गठबन्धनको राजनीति र मुलुक

*अहिलेको सत्ता गठबन्धनको प्रकृति र पात्रहरू अलि भिन्न रहेतापनि यसले देखाउने कर्तुत हिजोको भन्दा खासै फरक पर्ने देखिन्न । यसो किनभने गठबन्धन टिकाउने भए राष्ट्रघाति एवम् जनघाति एजेण्डाहरूलाई अगाडि नबढाई सुखै छैन । नागरिकता विधेयक फेरि संसदमा आउनेछ । एमसीसी र एसपीपी कार्यान्वयनले गति लिनेछ । यसको अर्थ जनता र राष्ट्रले थप चुनौतिहरू व्यहोर्नु पर्नेछ ।*

**अग्रलेख**



● कृष्ण बेलबासे



२०७४ सालको आम निर्वाचनपश्चात गठित सरकार सञ्चालक दलहरुको कार्यशैलीबाट निराश बनेका नेपाली जनताहरु माझ अब २०७९ सालको निर्वाचनले कस्तो परिणाम दिने हो र त्यसका आधारमा कुन किसिमको सरकार बन्ने होला ? भन्ने जिज्ञासा रहेको थियो । दलीय व्यवहारबाट वाक्क दिक्क बनेका नेपालीहरुको ठूलो संख्याका मतदाताहरुले निर्वाचनमा मतदान गरेनन् । जसले मतदान गरे तिनीहरुमध्ये उल्लेखनीय संख्याले आफुलाई परिवर्तनको बाहक सम्झनेहरुलाई मतदान नगरेर तिनको कमजोरीबाट फाइदा लिन तम्सिएका स्वतन्त्र र नयाँ उम्मेदवारहरुलाई मतदान गरे । परिणामतः बाह्य योजनामा निर्मित गठबन्धनले बहुमत प्राप्त गर्न सकेन । गठबन्धनलाई सरकार गठनमा समस्या आइपऱ्यो । यद्यपि, सरकार गठनमा अप्ठेरो संसदमा बहुमत प्राप्त हुन नसकेकोले नभई दलीय नेतृत्वको पदीय लालसाका कारण हो रहेछ भन्ने कुरा घटनाक्रमले प्रमाणित गरेको छ ।

हामीकहाँ सरकारको नेतृत्व गर्ने वा सरकारमा सहभागी हुने कुरामा सैद्धान्तिकरूपमा राज्यको तत्व मानिएको सरकारको मुख्य कार्य अन्य तत्वहरु जनसंख्याको सेवा एवम् कल्याणसँगै भूभाग र सार्वभौमसत्ताको रक्षा जस्ता कुराहरुमा प्रतिबद्ध रहनु हो भन्ने बारेमा कुनै चासो नरहेका व्यक्तिहरुको बाहुल्यता रहने गरेको छ । उनीहरु जनतालाई भ्रममा पारेर निर्वाचनमा मत प्राप्त गर्न प्रजातन्त्र, समाजवाद, राष्ट्रियता, सुशासन र विकासका फोस्रा आश्वासन र नाराहरु त दिने गर्दछन्, तर व्यवहारमा ठीक त्यसको विरुद्ध कार्य गर्दछन् । त्यसैले जनतामा राजनीति भनेको फोहोरी खेल हो र दलका नेता, कार्यकर्ता र समर्थकहरु भनेका दलालभन्दा अरु केही होइनन् भन्ने धारणा रहेको छ । हुन पनि त हो, हिजो देशमा दलीय राजनीतिमा लाग्नेहरुलाई भूमिगत जीवन बिताई सशस्त्र संघर्षदेखि जनआन्दोलनसम्मका कुराहरुमा जनताले आर्थिक खर्चसँगै आफ्नो जीवनलाई असुरक्षित तुल्याएरै सहयोग गरेका थिए । हिजो त्यसरी जनताको सहयोग लिएर राजनीतिक क्षेत्रमा स्थापित हुन पुगेकाहरु आफु सत्तामा पुगेपछि राष्ट्रिय सम्पत्तिमा ब्रह्मलुट मच्चाएर आफ्ना सन्तान, नातेदार र पिछलग्गूहरुको भविष्य सुधार्ने कार्य तर्फ मात्र केन्द्रीत हुन पुगे । जनताका समस्याप्रति कुनै सरोकार राखेनन् । तिनीहरुका लागि राजनीति लुटिखाने धन्दा मात्रै बन्यो । त्यस्तो व्यवसायलाई टिकाउन उनीहरु जालझेल र तिकडमसँगै विदेशीको दलालीसम्म गर्न पुगेका घटना सबैका सामु देखिए । यस कुराको प्रमाण खोज्न धेरै मिहिनेत गर्नुपर्दैन । तिनको नग्न व्यवहारलाई सूक्ष्मरूपमा विवेकसम्मत तरिकाले नियाल्नु पर्याप्त हुन जान्छ । सर्वप्रथम तिनले भट्याउने सिद्धान्त र व्यवहारबिचको भिन्नतालाई हेर्नु पर्याप्त हुन्छ ।

आफुलाई प्रजातन्त्रवादी, समाजवादी बताउनेहरु यतिबेला नग्न लुटेराको रूपमा प्रकट भइरहेका छन् । त्यसो गर्नुलाई तिनले आफ्नो गल्ति, कमजोरी र भ्रष्ट व्यवहारको रूपमा होइन, असल कर्म र क्षमताको रूपमा अर्थ्याउँछन् । उनको यो कर्तुतलाई लिएर आलोचना गर्नेलाई अबुझ र पुर्वाग्रही अनि समर्थन गर्नेलाई योग्य, सक्षम ठान्दै सम्मानित र पुरस्कृत गर्न पुग्दछन् । यति मात्र नभएर आफुलाई प्रतिष्पर्धात्मक बहुदलीय राजनीतिका पात्र बताउनेहरु राजनीतिको नाऊँमा नाना थरिका छुद्र खेलहरु खेल्दछन् । जुन खेलअनुसार जब देश र जनतालाई बर्बाद तुल्याउने योजना बन्छ, त्यसमा तिनीहरुबिच दह्रो सहमति कायम हुन्छ । तर, जब पद प्राप्ति र नीजि स्वार्थ पूर्तिको कुरा आउँछ, तिनीहरु हड्डी खान कुकुरहरु बिच हुनेभन्दा तल्लोस्तरको लडाईंमा उत्रिन्छन् । जुन कुरा त्यस्तो कार्य गर्नेलाई भन्दा देख्नेलाई लाज लाग्ने खालको हुन्छ । यो कुरा बुझ्न बिगत पाँच वर्ष सरकार गठन र संचालन प्रयोजनका लागि गरिएका नग्न हर्कतहरुलाई स्मरण गर्दा पुग्छ ।

गठबन्धनको माध्यमबाट निर्वाचनमा बहुमत प्राप्त गरी पार्टी एकीकरणसम्म गर्न पुगेकाहरु पद प्राप्ति र पदको दुरूपयोग गरेर कमाउने अभियानले बल नपाएका कारण सरकार, संसद र पार्टीसम्म विघटन गर्ने अवस्थामा पुगे । त्यसपश्चात् पुनः सो अभियानलाई सार्थक तुल्याउन न्यायपालिकालाई मतियार बनाएर एउटा पक्ष सरकारमा पुग्यो । सरकारमा पुगेको गठबन्धनको योजनामा अर्को पक्षलाई प्रतिगामी बताउँदै नग्न लुटलाई अग्रगमनको रूपमा अर्थ्याउँदै न्यायपालिकालाई ध्वस्त पार्नेसम्मका कर्तुतहरु भए । यसैक्रममा एमसीसी सम्झौता र नागरिकता ऐन संशोधन विधेयक पारित गर्ने जस्ता खुल्ला राष्ट्रघाति कर्तुतहरु भए । यस कुरालाई गठबन्धनको सार्थकताको रूपमा प्रष्ट्याउने कार्य मात्र गरियो ।

यसरी राष्ट्र र जनताप्रति घात गर्नुलाई आफ्नो सफलता ठान्दै अघि बढेको गठबन्धन गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेश व्यवस्थापिकाको निर्वाचनमा एकाबद्धरूपमा सहभागी हुनपुग्यो । तर, निर्वाचन परिणामले गठबन्धनको नाईके दल कांग्रेस बाहेक अरुलाई उत्साह दिएन । यसै कुरोलाई लिएर अन्य दलहरुले कांग्रेसले आफुहरु प्रति विश्वासघात गऱ्यो भन्नेसम्मका आरोपहरु लगाए । यसो भन्नुको पछाडि कतिपय उम्मेदवारहरुको पराजय र कतिपय दलले राष्ट्रिय दलको मान्यता प्राप्त गर्न चाहिने तीन प्रतिशत मत प्राप्त गर्न नसक्नु जस्ता कारणहरु रहेका देखिन्छन् । यद्यपि, देशमा विकसित गठबन्धनको राजनीति घ्यू बेचुवा र तरवार बेचुवाबिचको खेल मात्र हो भन्ने कुरा एमाले र माओवादीबिचको गठबन्धनले पहिले नै प्रष्ट्याएको थियो । अब कांग्रेस र माओवादीद्वारा प्रदर्शित व्यवहारले त्यसलाई थप प्रमाणित गरिदिएको छ ।

रह्यो कुरा नौलो-गठबन्धनको । यो गठबन्धनको प्रकृति र पात्रहरु अलि भिन्न रहेका भएतापनि यसले देखाउने कर्तुत हिजोको भन्दा खासै फरक पर्नेछैन । यसो किनभने गठबन्धन टिकाउने भए राष्ट्रघाति एवम् जनघाति एजेण्डाहरुलाई अगाडि नबढाई सुखै छैन । जस्तै : नागरिकता विधेयक फेरि संसदमा आउने छ । हिजो कामचलाऊ सरकारले सिफारिस गरेको अध्यादेश पुनः विधेयकको रूपमा आउनेछ । एमसीसी र एसपीपी कार्यान्वयनले गति लिनेछ । जुन शक्तिले गठबन्धनलाई नयाँ स्वरूप दिएको छ, त्यसको योजनामा थप राष्ट्र एवम् जनघाति एजेण्डाहरु अगाडि आउने छन् । यसको अर्थ जनता र राष्ट्रले थप चुनौतिहरु व्यहोर्नु पर्ने कुरा सुनिश्चित छ ।

यहिँनेर प्रश्न उठ्न सक्छ, त्यसो भए अब कांग्रेस र एकीकृत समाजवादी पार्टीको अवस्था के हुनेछ ? नेपाली जनताले कस्तो भूमिका खेल्नु आवश्यक होला ? जहाँसम्म कांग्रेसको कुरा छ, कांग्रेस सत्तासुखका निम्ति उसले हदैसम्मको तुच्छ सम्झौताहरु गरेको छ । चन्द्र भण्डारी जस्ता एक/दुई पात्रहरु बाहेक राष्ट्रहितप्रति चिन्तित पात्रहरु त्यहाँ विरलै पाइन्छन् । त्यसैले कांग्रेस र कांग्रेसीहरु यतिबेला पानी बाहिरको माछा जस्ता भएका छन् । यो कुरा कतिपय पात्रले राष्ट्रपति पद खान नपाई मर्ने भए भन्दै र कतिपयले अब केन्द्र सरकारको त कुरै छाडिदिऊँ, प्रदेश सरकारमा समेत हाम्रो हिस्सेदारी नरहने भयो भनी रोइलो मच्चाएको कुरोलाई लिएर बुझ्न सकिन्छ । त्यसैगरी दलभित्रै एक समूहले अर्कोलाई त्यसकै कारण गठबन्धन तोडिएको हो भनी आरोप लगाउने गरेको कुरोले पनि यसलाई प्रष्ट्याउँछ । तर, पनि के कुरा चाहिँ पक्का हो भने यदि कांग्रेसले सत्तालिप्सालाई कम गरेर संयम् अपनाउने, सकारात्मक प्रतिपक्षको भूमिका (यसको अर्थ सरकारका जुनसुकै कुराको समर्थन होइन) निर्वाह गर्ने र विदेशी गोटी नबनेर राष्ट्रप्रति माया गर्न सिक्ने हो भने यो कुरा सरकारी गठबन्धनलाई चुनौति बन्न सक्छ र यसले कांग्रेसको छवीलाई समेत बदल्न सक्दछ ।

जहाँसम्म समाजवादी पार्टीको कुरा छ, त्यसले क्रिसमसको अवधिमै पद र सत्ताबाट बेदखल हुनु परेकोले शुद्ध होलिवाइन र अशुद्ध यिनीहरुले खान पुगेछन् कि भनी समीक्षा गर्नुपर्ने बेला आयो जस्तो छ । अन्यथा, ओलीले माधवलाई दिएको श्राप फलिफाप हुने माधवले ओलीलाई दिएको श्राप आफैले व्यहोर्नु पर्ने अवस्था कसरी सिर्जना हुनसक्दथ्यो र ? यो सबै कुराले देखाउँछ, दलहरुले स्वार्थ(सत्ता)का लागि गर्ने गठबन्धन एउटा अनैतिक बन्धन हो । यसले केही स्वार्थीहरुलाई त फाइदा देला, तर त्यसमा लुट्पुटिने सबैको भलो गर्दैन । यसर्थमा वर्तमान गठबन्धनले सकारात्मक परिणाम त दिने छैन नै । को कसले ? के कति ? र कुनरूपमा ? क्षति व्यहोर्नु पर्ने हो, त्यो चाहिँ समयले बताउनेछ ।

यस सन्दर्भमा मूल कुरो, त्यसो भए अब देशलाई गठबन्धनले दिने पीडाबाट जोगाउने उपाय के छ त ? यस सन्दर्भमा प्रसिद्ध भारतीय साहित्यकार प्रेमचन्दको सोजे-वतन कथा संग्रहभित्रको 'सांसारिक प्रेम र देशप्रेम' शीर्षकको कथाको पात्र मेजिनीले आफ्नो मुलुकको अस्तित्वप्रति चिन्ता जनाउँदै "त्यसो भए म किन जिउँदै बसुँ ? के मेरो प्यारो भूमि, मेरो प्यारो देश धोकेवाज, अत्याचारी दुश्मनहरुको पाईला तल थिचियोस्, मेरा प्यारा भाईहरु, मेरा प्यारा देशवासीहरु अत्याचारको शिकार बनुन् । अहम् यो देख्नको लागि बाँचिरहन सक्दैन" भनी व्यक्त गरेको कुरा उपयुक्त लाग्दछ । मेजिनीको यो भनाई 'म आत्महत्या गर्छु' भन्ने नभएर म देशको रक्षाको लागि लड्दा लड्दै मर्छु भन्ने हो । त्यसैले अब ज्यान जाओस्, देशको अस्तित्व रक्षाको लागि राजनीतिक अपराधिहरुसँग लड्न तयार नहुने हो भने सामाजिक मिडियामा गठबन्धनका पात्रहरुको शैलिमा आफ्नो हैसियत जनाउने गरी तुच्छ गालिगलौजमा उत्रनुको कुनै अर्थ छैन । यसले देशलाई बिगार्नेहरुको योजनालाई सघाउने कार्य मात्रै गर्नेछ । यस कुरा तर्फ आफ्ना सन्तति एवं देशको भविष्य प्रति संवेदनशील सबैको ध्यान जाओस् ।

*(लेखक बेलबासे वरिष्ठ अधिवक्ता हुन् ।)*

## सामाजिक सञ्जाल




**- डम्मर खतिवडा**

कसले के खाए ? के पाए ? के गुमाए ? झिनामसिना कुरा छोडौं । देशलाई यतिखेर एक निर्मम प्रतिभाष्य, नयाँ संकथन, पुनर्जागरण, कठोर तपस्या र साधना, वस्तुसंगत आत्मसमीक्षा र बहुआयामिक विमर्श, असल राजनीतिका लागि आक्रमण जनप्रतिरोध र एक व्यापक राजनीतिक पुनर्गठन चाहिएको छ । सबै यो सही बाटोमा लागौं ।



**- यादव देवकोटा**

सामान्यतयाः आरोप लागेपछि त्यसउपर छानबिनमा स्वार्थको द्वन्द्व नदेखियोस् भनेर लाभको पदबाट राजीनामा दिने चलन छ । निलम्बनमा बस्ने चलन छ । तर, यहाँ त छानबिनमा प्रभाव पार्ने पद रोजेर मन्त्री हुने पो देखियो । यसैलाई होला नयाँ नीति र थितितिर देश लाने भनेको । झण्डा पो फरक हजुर, धन्दा त उही हो ।



**- बसन्त घिमिरे**

